# नेपाल फिनसफ्ट कम्पनी लिमिटेड (फिनसफ्ट) को पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सुचना

**(प्रथम पटक प्रकाशित मिति २०७८/०८/२३ गते)**

आदरणीय शेयरधनी महानुभावहरु,

यस संस्थाको सञ्चालक समितिको मिति २०७८।०८।२२ गते बसेको ४१ औं बैठकबाट निर्णय भए बमोजिम यस संस्थाको पाँचौं वार्षिक साधारण सभा देहायमा उल्लेखित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि निम्नलिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम उक्त वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०७८ साल पौष १५ गते, बिहिवार (तद्नुसार ३० डिसेम्बर २०२१)
समय : दिउसो १:०० बजे
स्थान : कम्पनीको कार्यालय, नक्साल, भगवती बहाल

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७७/०७८ को पाँचौं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (साविक लेखापरीक्षक आर.पराजुली एण्ड एसोसियट्स का सि.ए. राजेश पराजुली पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)

४. सञ्चालक समितिमा प्रतिनिधित्व गर्न संस्थापक शेयरधनीहरुतर्फको सञ्चालकहरुको निर्वाचन तथा स्वतन्त्र सञ्चालकहरुको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट इजाजतपत्रप्राप्त वा अन्य कुनै IT Company संग गाभ्ने/गाभिने वा प्राप्ती (Merger/Acquisition) वा Strategic Partner/Business Partner (रणनैतिक/व्यवसायिक साझेदार) साथै स्वतन्त्र/व्यक्तिगत साझेदारहरु भित्राउने सम्बन्धमा उपयूक्त विकल्प पहिचान गरी औपचारीक प्रकृया अगाडि बढाउने प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने; सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने सम्बन्धमा ।

२. संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले,
(कम्पनी सचिव)

## पाँचौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. पाचौं वार्षिक साधारण सभा प्रयोजनार्थ संस्थाको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन योग्य हुनेछन् ।

२. शेयरधनीहरुको जानकारीका लागि वार्षिक संक्षिप्त आर्थिक विवरण यसै सूचना साथ प्रकाशित गरिएको छ । वार्षिक साधारण सभामा पेश हुने सम्पुर्ण प्रस्तावहरु संस्थाको वेवसाइट www.finsoft.com.np मा पनि राखिएको छ ।

३. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिती पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिती पुस्तिका बिहान ११:०० बजेदेखि खुल्ला रहनेछ ।

४. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

५. प्रतिनिधि नियुक्त गर्दा मतदान गर्न अधिकारप्राप्त संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्त गर्न सकिने छैन । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ ।

६. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछ ।

७. कुनै शेयरधनी महानुभावलाई संस्थाको सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

८. निर्वाचन सम्बन्धी कार्यक्रमहरु निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुनेछ । निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी कार्यक्रमहरु मिति २०७८/०९/०८ गते दिनको १:०० बजे यस संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।

९. सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित मिति र समय भित्र संस्थाको एकजना शेयरधनी प्रस्तावक र एक जना समर्थक  सहित तोकिएको ढाँचामा आफ्नो उम्मेदवारीको दरखास्त दर्ता गराउनु पर्नेछ ।

(समाप्त)